# सिन्धुघाँटी सभ्यताको पतन

सुशीलकुमार अधिकारी (विद्यावारिधि)
उपप्राध्यापक, इतिहास, संस्कृति तथा पुरातत्व विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
sushil.adhikari23958@gmail.com

**लेखसार**

प्रस्तुत लेख सिन्धुघाटी सभ्यता अर्थात् सिन्धुसभ्यताको पतनका कारणसँग सम्बन्धित रहेको छ । मानव विकासको ऐतिहासिक सन्दर्भमा विभिन्न सभ्यताको उत्थान र पतनको क्रम शृङ्खलित प्रक्रिया रहेको तथ्य इतिहासको अध्ययनबाट प्राप्त गर्नसकिन्छ । पश्चिमी मेसोपोटानिया सभ्यताको समकक्षी एवं शक्तिशाली सभ्यताका रूपमा सिन्धुघाटीको सभ्यता विकास भएको हो । भारतीय प्रायद्विप बेलायती साम्राज्यको उपनिवेश रहेको समयमा भएको उत्खनन र त्यसको वैज्ञानिक परीक्षणले यस सभ्यताको विषयलाई प्रकाशित गरे पनि यसको उत्थान र पतनको विषय प्राक्कल्पनामा सीमित रहेको छ । आर्यइतरको सभ्यताका रूपमा रहेको यस विषयको अन्त्य आर्यको आक्रमणपछि विलय भएको ऐतिहासिक तथा सुविधाभोगी मानव चरित्रका कारण त्यहाँको जनसङ्ख्या स्थानान्तरण भएको अनुमानलाई यो सभ्यता अन्त्यको कारक प्रमाणित गर्न खोजिए पनि यसको भरपर्दो प्रमाण दिन अध्ययन असफल रहेको छ । अन्ततः यो विषय मानव उद्विकास अर्थात् जीवविज्ञानको विकासवादी सिद्धान्त अनुरूप निश्चित अवधिपछि पतन भएको विषयलाई भरपर्दो प्रमाणका रूपमा लिनसकिन्छ । मानव विकासवादी सिद्धान्तले मानवमा निहित आन्तरिक शक्ति (परिवर्तन र रूपान्तरणको शक्ति) का कारणले उसले आजको स्वरूपमा अवतरित भएको मानव सभ्यताको विकासको परिणामस्वरूप विभिन्न सभ्यता र संस्कृति विभिन्न कालखण्डमा विकसित हुने र विनाश हुने प्रक्रिया यस सभ्यताको हकमा पनि घटित भएको देखिन्छ ।

*शब्दकुञ्जी:* मोहनजोदडो, हडप्पा, उत्खनन, उद्विकास, पतन, ताम्रयुग ।

## १. विषयपरिचय

सिन्धुघाटी सभ्यता मानव उद्विकासको महत्त्वपूर्ण ऐतिहासिक सभ्यता रहेको छ । मानव इतिहाससँग सम्बन्धित सभ्यता मानव विकासका प्रमुख मोड अथवा उद्विकाससँग निकट रहेका विषय हुन् । मानव उत्पत्तिको परिघटना दुईप्रकारका ईश्वरवादी र विकासवादी मत प्रचलनमा रहेका छन् । ईश्वरवादी मतअनुसार पृथ्वीमा मानवको उत्पत्ति ईश्वर (भगवान्)द्वारा भएको हो भने विकासवादी मतअनुसार यसको उत्पत्ति क्रमविकास (उद्विकास)का माध्यमबाट भएको हो । मानव उत्पत्तिको यस मतअनुसार मानवले क्रमिक विकास गर्दै आजको अवस्थासम्म आइपुगेको हो । विकासवादी मतअनुसार मानवले आजको अवस्थासम्म आइपुग्न विभिन्न चरणहरू पार गरेको छ । यिनै चरणहरूको व्याख्या र विश्लेषण वा मानवीय गुणहरूको अवस्था विभिन्न कालखण्डका सभ्यताहरूले बोध गराएका छन् । विश्वका विभिन्न भागमा विभिन्न समयमा विकसित सभ्यताले मानव इतिहासको त्यो क्रमलाई जोडेको छ जसका माध्यमले मानव विकासको श्रृङ्खलाबद्ध यात्रा प्रष्टचाउन सहयोग गरेको छ । यसर्थ मानवले आजको अवस्था प्राप्त गर्न गरेका समग्र र सङ्घर्षका गाथाहरूलाई विभिन्न सभ्यताले तिनीहरूका चरणहरूको व्याख्या गर्ने क्रममा प्रस्तुत गरेका छन् । सभ्यताले मानव विकासको त्यस्तो गाथालाई सम्बोधन गर्ने गर्दछ, जसमा उसका हरेक प्रयत्न र सङ्घर्षको इतिहास अङ्कित भएको हुन्छ ।

मानव विकासक्रमको इतिहास केलाउने प्रमुख आधार विभिन्न समयमा विकसित सभ्यताहरूको महत्त्वपूर्ण भूमिका रही आएको छ । यसप्रकारका मानवीय सभ्यतामध्ये सिन्धुघाटीको सभ्यता मुख्य रहेको छ । पृथ्वीमा मानवको अस्तित्वपश्चात आफ्नो जीवनयात्रामा ल्याएको परिवर्तलाई विभिन्न युग र सभ्यताहरूमा वर्गीकरण गरेर बुझ्न मान्छेले तय गरेको निरन्तर यात्राका चरणलाई विभिन्न नाम दिने क्रममा ढुङ्गेयुगको समाप्तिपछि इ.पू. ३००० वर्षपछिको समय "सभ्यता"का रूपमा नामाकरण भएका छन् । यस्ता सभ्यताले विकसित गर्ने जीवनदर्शनका विभिन्न तत्त्वहरू समावेश भएको साझा अवस्थालाई "संस्कृति" शब्दले सम्बोधन गर्नसकिन्छ । समग्रमा मानवको संस्कृति निर्माणमा व्यतित भएको निश्चित अवधिलाई "सभ्यता" नामले सम्बोधन गर्न सकिन्छ । यस्तै प्राचीन सभ्यताहरूको क्रममा भारतपूर्वक

विकसित सिन्धुघाटीको सभ्यतालाई यस क्षेत्रको सर्वप्राचीन सभ्यता रहेको छ । मानवीय विकासयात्राको पहिलो चरण "पाषाण युग" रहेको छ । यो पाषाण युगलाई पनि दुई चरणमा विभाजित गरेर इशापूर्व ५०,००० वर्ष देखि इशापूर्व ३००० वर्षको समय नवपाषाणयुग रहेको छ (वर्मा, १९८९, पृ.३) । पूर्वपाषाणयुगको लामो समयमा मानव केवल भोजनप्राप्तिका लागि मात्र सङ्घर्षरत थियो तर पछिल्लो पाषणकाल नवपाषाणकाललाई मानवले आफ्नो आवश्यकताका अनेकौं वस्तुको आविष्कारात्मक सभ्यता प्रारम्भ गरेको समयको रूपमा लिइने गरिएको छ । मानवले आफूलाई विकसित, परिमार्जित र परिष्कृत गरी व्यवस्थित जीवनशैलीको विकास गरेको कालखण्ड "सभ्यता" वा "हडप्पा" सभ्यता नामाकरण भएका छन् । हडप्पा सिन्धुघाटी सभ्यताभन्दा अगाडि इशापूर्व २५०० वर्षको मानिदै आएको छ । यस सभ्यताअनुसार भारत बेलायतको उपनिवेश रहेकै अवस्थामा बेलायतीहरूद्वारा नै सन् १९२१ मा त्यसको क्षेत्रको उत्खनन गरी त्यहाँ विकसित सभ्यतालाई सिन्धुघाटी सभ्यता नामाकरण गरेको हो । प्रारम्भमा सप्तसिन्धुक्षेत्रको उत्खनन गरी त्यहाँ विकसित सभ्यतालाई सिन्धुघाटी सभ्यता नामाकरण गरे पनि यसको प्रभाव क्षेत्रको व्यापकता र यसको मुख्य केन्द्र "हडप्पा" र मोहनजोदडो" रहेकाले यसलाई "हडप्पा" सभ्यता पनि भनिएको छ । सभ्यताको प्रभाव क्षेत्र वा फैलावटा क्षेत्रको विस्तृत जानकारी पाइए पनि यसको लिपी पठन नसकिएको र ऋग्वेद लगायत वैदिक ग्रन्थको तुलनात्मक अध्ययनको आधारमा आर्यइतर सभ्यता मानिएको छ । सिन्धुघाटी सभ्यता आर्यइतरको सभ्यता रहेको पुष्टि गर्ने प्रमाण पाइएको तथा यस विषयमा विद्वत् विमर्शले यसो पतनका प्रमुख दुई कारण रहेको पक्षलाई महत्त्वका साथ विवेचना गरेका छन् । सिन्धुघाटी सभ्यता पतनका विषयमा भएका मतान्तरले यो विषय मानव संस्कृतिको इतिहासको अध्ययनका लागि अनुसन्धेय विषय रहेको छ ।

## २. समस्याकथन

प्रस्तुत लेख मानव संस्कृति निर्माणमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको वैदिक संस्कृतिक वा सभ्यताभन्दा पूर्वको मानिएको, नगर सभ्यताको आरम्भिक विकास गरेको सिन्धुघाटी सभ्यताको पतनका कारणसँग सम्बन्धित रहेको छ । उपर्युक्त समस्याको निराकरणका लागि निम्नानुसार शोध्यसमस्या चयन गरिएको छ ।

(क) सिन्धु सभ्यताको पृष्ठभूमि के-कस्तो रहेको छ ?

(ख) सिन्धु सभ्यताको विषयमा विद्वत् मत कसरी प्रस्तुत भएको छ ?

(ग) सिन्धूसभ्यता पतनका कारण के हुन् ?

उपर्युक्त मूलसमस्या र शोध्यसमस्याको समाधान गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## ३. अध्ययनविधि

प्रस्तुत लेख सिन्धुघाटी सभ्यताको पतनसँग सम्बन्धित रहेको छ । यस लेखको अध्ययनका लागि सामग्रीको स्रोत पुस्तकालय रहेको छ । विश्लेषणका लागि चयन गरिएका सामग्री द्वितीयक स्रोतबाट लिइएका छन् । सामग्री विश्लेषणका लागि गुणात्मक अध्ययन पद्धतिको उपयोग भएको छ । अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि विश्लेषणात्मक विधिको उपयोग भएको छ ।

## ४. अवधारणात्मक पर्याधार

सिन्धुघाटी सभ्यतालाई वैदिक सभ्यता इ.पू. १५०० भन्दा अगाडि)को समयमा तत्कालीन भारतवर्षको उत्तर-पश्चिम क्षेत्रमा विकसित आर्यसभ्यता मानिएको छ । सिन्धुघाटी सभ्यताको बारेमा अध्ययन, अनुसन्धान गर्ने सबै विद्वानहरूले यसलाई आर्यमूलक सभ्यता नभएको बताएका छन् । यहाँका निवासी वा वासिन्दा को थिए ? भन्ने कुराको निक्यौल गर्न नसकिए पनि विद्वानहरू यसलाई गैर आर्यसभ्यता हो भन्ने कुरामा एकमत देखिएका छन् । यसरी आर्य र गैर आर्यको भेद र वर्गीकरण गर्न सक्षम भए पनि विद्वानहरूले मानव विकासको क्रमवादी (उद्‌विकासवादी) सिद्धान्तलाई उपेक्षा गरेका  छन् । मानव सभ्यताको विकास निरन्तर गतिशीलताका आधारमा भएको हो भन्ने विषयमा अधिकतर अध्ययन मौन रहेका छन् । मानव विकासको गतिशीलताले वा क्रमश उद्‌विकास गर्दै आजको अवस्था प्राप्त गरेको विषय उपेक्षामा परेको छ । यस दृष्टिकोणले सिन्धु सभ्यताका पर्याप्त विषय वैदिक सभ्यताले अँगालेको पाइन्छ । यस दृष्टिकोणबाट सिन्धुघाँटी सभ्यताको अध्ययन भएको छैन । समग्र मानवको विकास यात्रामा सिन्धुघाटी सभ्यता पनि एक खुड्किलो वा एक चरण हो भनेर स्पष्ट रूपमा विद्वानहरूले मत जाहेर गर्नसकेका छैनने । यसर्थ

सिन्धुघाटी सभ्यता र त्यसपछिको वैदिक सभ्यताबीचको एकअर्काको सम्बन्धमा समानता र असमानताहरूको विवेचनाले मानव विकासक्रमको प्रगतिशील अवस्था देखापर्दछ । सिन्धुवासीहरूले आविष्कार गरेको कला, सीप, वास्तुकला र समग्र, ज्ञानको भण्डारलाई वैदिक सभ्यतावासीलाई लिदैं लिएनन् भन्न सकिँदैन तर लिए पनि कति लिए ? कसरी लिए ? सिङ्गो रूपमा लिए की ?खण्डखण्डमा लिए ? परिमार्जित वा परिष्कृत ? कसरी लिए यस दृष्टिकोणबाट सिन्धुसभ्यता र वैदिक सभ्यताको विवेचना गर्दा सिन्धु सभ्यताको पतनको कारण पर्गेल्न मद्दत पुग्दछ ।

कुनै पनि सभ्यता लामो समयसम्म जीवन्त रहनका लागि त्यसका परिवर्तनको आक्रमण सहने क्षमता कति छ भन्ने कुरा महत्वपूर्ण हुने गर्दछ । मानिस अत्यन्त परिवर्तनशील जाति हो । ऊ जहिले पनि परिवर्तको आकाङ्क्षाबाट ग्रसित भइरहने प्राणी हो । आफ्नो सम्पूर्ण जीवनकालभरि नै मानव परिवर्तनको खोजीमा चिन्तशील भइरन्छ । यस्तो परिवर्तनको आवश्यकता र बाध्यता आफ्नो कारण र बाह्य (सांसरिक) दुबै कारणले हुने गर्दछ । भूगोल, जलवायु र वातावरण आएको परिवर्तनले मानवलाई परिवर्तन हुन बाध्य बनाउँदछ भने सामाजिक र आर्थिक जनजीवनमा आएको फेरबदलले अन्य परिस्थिति परिवर्तन हुनसक्दछ । जसका कारण पुराना वस्तुको प्रतिस्थापन गर्नुपर्ने हुन्छ, पुराना विचार र व्यवहार त्याग्नु पर्ने हुन्छ । समाजमा प्रचलनमा रहेको आर्थिक गतिविधिले सर्वथा परिवर्तन हस्तक्षेपकारी भूमिका खेल्ने गर्दछ । यस्ता यावत कुरा र अवस्थाले मानव आफूले आफैलाई परिवर्तन गरिराखेको हुन्छ । यस्तो परिवर्तनवादी दृष्टिकोणबाट पनि सिन्धुसभ्यताको पतनको कारण केलाउने प्रयास भएको छैन । विश्वमा पृथ्वीको जलवायुमा परिवर्तन आएर आफ्नो अस्तित्व बचाउन नसक्ने सबै वस्तु, पदार्थ, प्राणी नाश भएर नै गएका छन् त्यस्तै विचार, ज्ञान वा दृष्टिकोण पनि समयसापेक्ष परिवर्तन हुन नसकेर लोप भएका छन् । यस्तै सभ्यता संस्कृति पनि समयानुकुल परिवर्तन र संशोधन हुन नसक्दा लोप वा पतन हुने संभावना रहन्छ ।

## ५. सामग्री विश्लेषण : प्राप्ति र छलफल

### ५.१ सिन्धूघाँटी सभ्यताको पृष्ठभूमि

मानव सभ्यताको विकासको क्रममा पाषाण युगको अन्त्यसँगै आफ्ना आवश्यकता परिपूर्तिका लागि कृषिको ज्ञान आविष्कार गरेपश्चात मान्छेले आफ्नो यायावरी जीवन त्याग गरेर स्थायी रूपमा बसोवास गर्न थालेको हो । यसरी स्थायी रूपमा बसोवास गर्नुपर्दा मान्छेले उर्वराशक्ति प्रशस्त भएको, नदीनाला र सिचाईंको व्यवस्था भएको उपत्यका जस्तो भूभाग रोजेको पाइन्छ । यस्तै विशेषतायुक्त भूभागमा विकसित भएको सभ्यतामध्ये सिन्धुघाटीको सभ्यता एक रहेको छ । सिन्धु नदी आसपास यसका अवशेष भेटिएका आधारमा “सिन्धु” नाम दिइए पनि यसको क्षेत्र व्यापक र विस्तृत रहेको र मुख्य केन्द्र “हडप्पा” र मोहनजोदडोको आधारमा यसलाई “हडप्पा सभ्यता” पनि भनिएको छ । यो सभ्यताको क्षेत्रफललाई त्रिभुजद्वारा व्यक्त गर्ने हो भन क्रमशः ९५०, ६०० र ५०० माइल लामो क्षेत्रमा फैलिएको सभ्यता रहेको छ (श्रीवास्तव, खाँः १९९०, पृ. १९६) यति विस्तृत भूभागमा फैलिएको र ती सबै क्षेत्रमा समान रूपका अवशेषहरू प्राप्त भएकाले यो सभ्यतालाई अन्य सभ्यताभन्दा कुनै पनि दृष्टिले सामान्य भन्न सकिने अवस्था देखिदैन । विशाल क्षेत्रमा फैलिएको र यसका करिब चालीस स्थलहरूमा गरिएको उत्खननमा प्राप्त अवशेषको समानताले यो सभ्यता व्यापक र विस्तृत रहेको ज्ञात हुनआउँछ । यो सभ्यताको उत्पत्ति लगभग इ.पू. ३००० बर्षतिर भएको मानिएको छ ।

सिन्धुघाटीको सभ्यतालाई मानव सभ्यताको प्रारामि्भक चरण मानिएको छ । तर पनि यसमा विद्यमान मानव विकासका व्यवस्थित सीप, कैशल, वाणिज्य, व्यापार आदिका कारण यसलाई मानव विकासको प्रारम्भिक चरण नभएर अलिक, विकसित र चेतनशील चरण नै मान्नुपर्ने देखिन्छ । ढुङ्गेयुगको समाप्तिपश्चातको ताम्रपत्र संस्कृति वा युग भनिएकाले यस कालमा मानव केही विकसित अवस्थामा आइपुगेको अनुमान गर्न सकिन्छ । इ.स.१९२१ तत्कालीन भारतीय पुरातत्व विभागका अध्यक्ष सर जाँन मार्सल र उनका सहयोगीहरूद्वारा पत्ता लागाइएको “सिन्धुघाटीको सभ्यता” मानव विकासक्रमको एउटा महत्वपूर्ण कालखण्ड भएको वास्तविकतालाई नकार्न सकिदैन जसले मानवविकासक्रमको एक सुनिश्चित यात्रालाई प्राष्ट पारेको छ । उत्खननकर्ताले प्राप्त गरेका सामग्रीका आधारमा यसको विकासको चरणका अतिरिक्त यस क्षेत्रमा मानव सभ्यताको विकास कसरी भएको हो भन्ने विषय अध्ययनका क्रममा आएको छ । मानवविकास क्रमको इतिहासलाई सिन्धुघाटी सभ्यताका आधारमा विवेचना गर्दा उत्तरी क्षेत्र अर्थात् सिन्धुक्षेत्रमा ताम्रयुग तथा दक्षिणी क्षेत्रमा फलामे युग प्रारम्भ भएको देखिन्छ । धातु युगको प्रारम्भ पहिलो धातु चाहिँ ताम्र (तामा-ताँवा) नै भएकाले यस क्षेत्रमा प्रथमतः ताम्र नै शुरू भएको बताइएको छ (मिश्रः २००१,१२) यो

धातुयुगको सुरूवात गर्ने श्रेय सिन्ध निवासी वा सिन्धुघाटी सभ्यतालाई दिएको छ जसले मानव विकासक्रमको एएटा कालखण्ड वा खुड्किलो प्रस्तुत गरेको छ । यस आधारमा सिन्धुघाटीको सभ्यता विश्वका अरू सभ्यताभन्दा तुलनात्मक रूपले व्यवस्थित र सुनियोजित रहेको छ ।

मानव विकासको अध्ययन र अनुसन्धान निरन्तर अगाडि बढिरहने प्रक्रिया हो । बीसौं शताब्दीको आरम्भमा पत्ता लागेको सिन्धुघाटी सभ्यताको खोज र अनुसन्धान त्यसपश्चात निरन्तर रूपमा अगाडि बढिरहेको छ । भारतीय उपमहाद्वीपमा यति विशाल, समृद्ध र नगरीय विशेषता बोकेको सभ्यता विद्यमान थियो भन्ने कल्पना पनि नभएको सन्दर्भमा ब्रिटिशहरूको अधीनमा भएका बखत भारतमा रेलको लिक ओछ्याउने क्रममा जमिन अध्ययनका क्रममा प्राप्त अवशेषद्वारा पत्ता लागेको यो सभ्यताको अनेक विद्वान, विदुषीहरूले अनेक कोणबाट अध्ययन अनुसन्धान गरी आफ्ना अभिमत प्रस्तुत गरेका छन् । सभ्य, व्यवस्थित र आर्थिक रूपले समृद्ध व्यवस्था भए पनि यसका निवासी, यसको लिपी र सभ्यताको पतनका सम्बन्धमा रहेको अन्यौल तथा यो सभ्यता पतन नभएर रूपान्तरण भएको तर्क पनि गरिँदै आएको छ । सिन्धु सभ्यता निवासीहरूद्वारा व्यवहारमा ल्याइएका प्रयोग सामाग्री जस्तै कुम्हालेको चक्र, गोरूगाडा र नाउ तैयार गर्ने विधि र सीप आज पनि उस्तै रहेको आधारमा सिन्धु सभ्यता वर्तमान समयमा पनि अस्तित्वमा रहेको बताइएको छ (बसन्त, १९९५, पृ.१०) । सीमित सामाग्रीका आधारमा यसरी सिन्धु सभ्यताको अस्तित्वलाई वर्तमान समयसम्म तान्ने कोशिस गरिए पनि सिङ्गो सिन्धु सभ्यताको अस्तित्वलाई वर्तमान समयमा प्राप्त गर्न नसकिएका कारण यो सभ्यताको अस्तित्वलाई वर्तमान समयमा प्राप्त गर्न नसकिएका कारण यो सभ्यता पतन हुनगएको कुरा स्वीकार गरिनुपर्दछ ।

### ५.२. सिन्धूघाँटी सभ्यताका विषयमा विद्वत् मत

विश्वमा विभिन्न कालखण्डमा विकसित भएका सभ्यताहरूको विश्लेषणात्मक अध्ययनका क्रममा "विश्व सभ्यताका इतिहास" विषयक पुस्तकमा यसको उत्पत्ति र पतनको विषयमा विवेचना भएको छ । डा. के.सी. श्रीवास्तव र डा. मोहम्मद जुनैद खाँको अभिमतले विभिन्न क्षेत्रमा विकसित सभ्यतामध्ये सिन्धुघाटीको सभ्यताले मानव सभ्यताको नागरपद्धतिलाई विकास गरी जनजीवन र जनजीविकाको विषयमा अन्य संस्कृतिका तुलनामा विकसित, व्यवहारिक तथा आर्थिक समुन्नतितर्फ अभिमुख रहेको ऐतिहासिक पक्षसँग सम्बन्धित सभ्यताका रूपमा अघिसारेको छ । यो सभ्यता विकास तथा समृद्ध हुनुको कारक मान्छेका लागि भौगोलिक अनुकुलता र प्रतिकुलताले पार्ने प्रभाव हुने तथा यो स्थान मान्छेको बसोबासका लागि उपयुक्त रहेका कारण अन्य सभ्यताका तुलनामा विकसित र समृद्ध रहेको देखिन्छ । यस अभिमतका प्रस्तुतकर्ताले सिन्धुसभ्यताको पतनका कारणका विषयमा मौन रहँदै यसको प्राप्तिको विषय प्रभावपरक कोणबाट भएको छ । सिन्धुसभ्यताको पतनको आधार फरक समुदायका बीचमा भएको सङ्घर्षबाट हुनसक्ने पूर्वानुमान प्रस्तुत भए पनि त्यसको पर्याप्त प्रमाण जुट्न नसक्नु यसको सीमा बनेको छ ।

विद्वत् तर्कमा सिन्धुघाटी सभ्यताको समय निर्धारण तथा यसका विषयमा भारतीय इतिहासकारहरूको विशेष चासो रहेको छ । यस सभ्यतालाई उत्खननबाट प्राप्त सामग्रीको रेडियो कार्बन पद्धतिबाट गरिएको वैज्ञानिक परीक्षण तथा त्यसको नतिजाले यो सभ्यता वैदिक सभ्यताभन्दा पूर्व विकसित र स्थापित रहेको तर्क प्रस्तुत भएको छ । सिन्धुसभ्यतालाई विकसित र समृद्ध सभ्यता मान्ने मतका पक्षपातीले यसको पतनको कारणका रूपमा मरूभूमीकरणका कारण जमिनको सतह घट्नु, बाढी पस्नु र आगलागी जस्ता कारणका अतिरिक्त आर्यहरूको आक्रमण बाट सिन्धु सभ्यताको पतन भएको हुनु सक्ने अनुमान गरेको छ । भारतवर्षमा विकसित विभिन्न सभ्यताहरूको विशेषता विवेचनाका क्रममा सिन्धुघाटी सभ्यता विकाससम्बन्धी मतमा यो ई.पू २२५० देखि ई.पू. १७५० सम्म अस्तित्वमा रहेको सभ्यताका रूपमा विवेचना भएको छ । यसको विकसित र समर्थ रूप "मोहनजोदडो" र "हडप्पा" नगरबाट उपलब्ध छ भन्ने तर्क समावेश मतले यसको पतनको कारक यहाँका निवासी र आर्यहरूबीच सङ्घर्ष जस्तो कुनै घटना नभएर एक आपमा धुलमिल हुन गई सिन्धु सभ्यता लुप्त हुनपुगेको पूर्वानुमान गरेको छ । यसका साथै यस विषयमा प्रस्तुत विद्वत् मतले प्रकृतिका कारण सिन्धुघाटी सभ्यताको विनाश वा पतन भएको हुनसक्ने तथ्यको विश्लेषणसँगै आर्यअनार्यबीचको युद्धमा यस सभ्यताका पक्षपातीको पराजयसँगै भएको हुनसक्ने अनुमान गरिएको छ । सिन्धुघाटी सभ्यता, यसका निर्माता वा निवासी, यसको समय आदिको चर्चासहित भएका अधिकतर विद्वत् मतमा यसको पतनको कारण प्रकृति तथा आर्यसंस्कृतसँगको द्वन्द्वलाई प्रस्तुत गरे पनि यो विषय प्राक्कल्पनामा आधारित रहेको छ ।

**५.३ सिन्धुघाँटी सभ्यता पतनका कारण**

सिन्धुघाटी सभ्यतालाई प्रारम्भदेखि नै विकसित सभ्यताको रूपमा मान्यता प्रदान गरिएको छ । यसलाई मेसोपोटामिया (इ.पू.३००० तिर) सभ्यताको निरन्तरता वा त्यसबाट प्रभावित भएका कारणले विकसित र परिपक्व सभ्यताको रूपमा स्वीकार गर्न सकिने भनाई केही विद्वानहरूको रहेको छ । सिन्धु सभ्यता कालभन्दा अगाडि देखि नै त्यस क्षेत्रमा समृद्ध समुदायको बसोवास भइसकेको थियो (वसन्त, १९९५, पृ.२) सिन्धुघाटी सभ्यताको उच्चतम विकसित कालभन्दा अगाडि नै त्यस क्षेत्रमा कृषि व्यवसायमा संलग्न प्रभावशाली समुदाय वा मानिसहरूको बसोवास रहेकाले सिन्धु सभ्यता प्रारम्भदेखि नै उन्नत र सक्षम सभ्यताको रूपमा देखापर्दछ । भारतवर्षमा सर्वप्राचीन सभ्यताको रूपमा विकसित सिन्धुघाटीको सभ्यता स्थापित हुनुपूर्व नै त्यस क्षेत्रमा व्यवस्थित रूपले कृषक समुदायको उपस्थिति रहेको र कृषिको व्यवस्थित जगमा सिन्धु सभ्यता स्थापित भएको बताइएको छ । यसर्थ जुन क्षेत्रमा सिन्धुसभ्यता स्थापित भयो त्यस क्षेत्रमा पहिलेदेखि नै व्यवस्थित रूपमा कृषि पेशामा संलग्न मानव समुदायको अस्तित्व भेटिएकाले सिन्धु सभ्यता एउटा सम्पन्न आर्थिक परिवेशमा विकसित भएको सभ्यता मानिएको हो । विद्वानहरूले यस अवधिलाई "प्रारम्भिक सिन्धुकाल" पनि भनेका छन् । सभ्यता विकासको लामो कालखण्डको यात्रा तय गर्दै समृद्ध कृषियुगको सेरोफेरोमा नै सिन्धु सभ्यताको स्थापना र विकास भएको देखिन्छ ।

सिन्धुघाटी सभ्यताको खोज हुनुअगाडि यस भूभागमा (गंगाको मैदान वा उत्तर भारतका मगध-पाटलीपुत्र) विकसित वैदिक सभ्यतालाई नै "सर्वप्राचीन नगर सभ्यता" मान्ने प्रचलन रहेको थियो । यो सभ्यता पत्ता लागेपछि वैदिक नगर सभ्यताभन्दा उन्नत नगरीय सभ्यता लागेकोले सिन्धुसभ्यता विकसित र उन्नत विशेषतासहित विश्व सामु प्रकट हुनपुग्यो । सिन्धुघाटी नगर सभ्यताको महत्त्वपूर्ण पक्ष यसको शहरी चरित्र नै हो । व्यवस्थित एवं योजनाबद्ध ढङ्गले बनाइएको नगरमा साँधुरा गल्लीदेखि फराकिला सडकसम्म पाइए (खत्रीः २०५५,२३७) । यस्ता व्यवस्थित सडकले नगर-नगर र नगर-गाउँबीचको व्यवसायिक र सामाजिक सम्बन्धलाई एकआपसमा जोडी सम्पन्नता र व्यवस्थित जीवनशैली नमूना प्रस्तुत गरेका कारण सिन्धु सभ्यता समृद्ध सभ्यताको रूपमा देखापरेको हो । यहाँको उत्खननबाट प्राप्त अवशेषका नमुनाहरूले नगर भित्रका भवनहरू विभिन्न आकार-प्रकारका रहे पनि तिनीहरूको बनावटमा एकरूपता थियो । पक्की इँटबाट बनेका अनेक तला भएका यस्ता भवनभित्र स्नानागारसमेत रहेक अवशेषको अध्ययनबाट देखिएको छ । यसका अतिरिक्त नगरमा विशाल आकारका सार्वजानिक प्रयोजनका लागि निर्मित जस्तो लाग्ने स्नानागार पनि भेटिएका छन् । नरमा ढल आदिको उचित व्यवस्थासमेत भएबाट यो सभ्यताको समृद्ध पक्ष उजागार हुन जान्छ । समृद्धशाली, व्यवस्थित र वैज्ञानिक नगरयोजना सहित अस्तित्वमा देखिएको सिन्धु सभ्यतावादीले अन्य क्रियाकलापद्वारा आर्थिक सम्पन्नता हासिल नगरी यति व्यवस्थित जीवनशैलीको विकास गर्न सम्भव नभएकाले यहाँको आर्थिक गतिविधि र क्रियाकलाप पनि समृद्ध रहेको बुझ्न सकिन्छ । यस प्रकार ईसापूर्व दोश्रो हस्राब्दी मै यति विकसित र व्यवस्थित सभ्यताको मानवविकासक्रमको गाथा बोकेर सिन्धुघाटीको सभ्यता विश्वसामु प्रस्तुत भएको छ । मानव विकासको इतिहासमा नागर सभ्यताको परिचायक रहेको समृद्ध सभ्यता एकाएक पतन हुनुको कारण पूर्वानुमानमा सीमित रहे पनि यस सभ्यताको पतनमा रहेका कारकलाई निम्नानुसार विवेचना गर्न सकिन्छ ।

**५.३.१ पतनका कारण**

मानव विकासक्रमको महत्वपूर्ण कालखण्डको गाथा बोकेको आर्थिक र सामाजिक दृष्टिले सम्पन्न, अग्रगामी अवस्था र विशेषता बोकेको सिन्धुघाटीको सभ्यताको पतन, विनाश वा लुप्त हुनका कारणहरूका बारेमा विद्वानहरूको आआफ्नै धारणा रहेका छन् । मानवले आफूलाई परिष्कृत र पारिमार्जित गर्दै जीवनयापनको सर्वाङ्गीण पक्षमा विकास गरेको युगको रूपमा रहेको सिन्धुसभ्यता कालको पतन वा विनाशका पनि आफ्नै अवस्था र परिस्थिति जिम्मेबार रहेको अनुमान गर्न सकिन्छ । यो सभ्यताको पतनका कारण केलाउँदा मानवको विकासवादी चरित्र र स्वभावका दृष्टिकोणले यसको व्याख्या विश्लेषण गर्नु सन्दर्भिक हुनसक्ने अनुमानका आधारमा मानवको उद्‌विकासको सिद्धन्तमा आधारित रहेर यस सभ्यताको पतन, विनाश वा रूपान्तरणको विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

सिन्धु सभ्यताको समृद्धिमा यस कालको क्रियाकलाप वा आर्थिक जीवन महत्त्वपूर्ण रूपमा रहेको छ । कृषियोग्य भूमिको प्रचूरता र कृषि सभ्यताको आधार भूमिमा स्थापित भएको सिन्धुसभ्यताको प्रत्यक्ष आर्थिक गतिविधि

पनि समृद्ध र व्यवस्थित रहेको छ । सिन्धु सभ्यतावासीको व्यापारिक सम्बन्ध समुन्द्रपारी पश्चिमी देशहरूसँग समेत रहेको थियो (मिश्र, २००१, पृ.२४) इराकमा सिन्धु सभ्यताको मुद्रा पाइएकाले यी दुई देश बीच व्यापारिक सम्बन्ध रहेको बुझ्न सकिन्छ । समग्रमा मेसोपोटामियासँग सिन्धुसभ्यताको व्यापारिक सम्बन्ध रहेको र केही सिन्धु व्यापारीहरू मेसोपोटामियामा नै बसोबास गरी व्यापारिक गतिविधि गर्ने विषयले सभ्यताकालीन आर्थिक पक्षका बारेमा जानकारी प्राप्त हुनआउँछ । व्यापारका अतिरिक्त कलाकौशलका दृष्टिले पनि सिन्धुसभ्यता काललाई महत्त्वपूर्ण कालखण्ड मानिएको छ । यहाँबाट प्राप्त विभिन्न कलाका नमुनाहरूले यिनीहरूको हस्त सीपका बारेमा जानकारी पाइएको छ । जसका आधारमा ईशापूर्वको त्यो समयमा मानवद्वारा निर्मित र व्यवस्थित उच्चकोटीको सभ्यताका बारेमा जानकारी प्राप्त भएको छ । लेखकलाको नमूनाको रूपमा बुझ्न सकिने र ब्यापारिक प्रयोजनका लागि निर्माण गरिएको लाग्ने लगभग ५०० जति ढुङ्गा र पाकेको माटाका छापहरू (मुहर) मोहनजोदडो र हडप्पाको उत्खननबाट प्राप्त भएको छ ( ओमप्रकाश, १९७१, पृ.४३) । यस्ता छापमा अङ्कित अक्षरहरू पढ्न सकिएको छैन । जसमा ३३९ जाति आकृतिहरू कुँदिएका छन् । संभवत यी छाप व्यापारिक प्रयोजनका लागि व्यवहार ल्याएको हुनसक्ने अनुमान गरिएको छ जसले यस कालको आर्थिक क्रियाकलापको सङ्केत दिएको छ ।

मानवजातिले विगत बनाएको इतिहास, सभ्यता वा संस्कृतिको विवेचना, विश्लेषण र व्याख्या आजका मानवले गर्ने कार्यलाई अनुसन्धानको परिभाषाले समेटेका छ । यसरी अध्ययन गर्दा मानव समुदायको जीवनयात्रा अनेकौं घुम्ती र मोडहरू हुँदै आजको अवस्थासम्म आइपुगेको हो । मानव विकासयात्राको सङ्घर्षपूर्ण यात्राका विभिन्न चरणहरू मध्ये एउटा खास चरणको यात्राको रूपमा सिन्धुघाटीको सभ्यतालाई बुझ्न सकिन्छ । विकासवादी सिदान्तले मानवमा निहित आन्तरिक शक्ति ( परिवर्तनको शक्ति )का कारणले उसले आफूलाई विकसित गर्दै आजको स्वरूप ग्रहण गरेको हो । मानव जहिले पनि प्राकृतिक शक्तिका सन्मुख जिज्ञासु भावमा प्रस्तुत भइरह्यो । जिज्ञासु भाव वा शक्तिले मान्छेलाई ज्ञानयुक्त सामर्थ्यद्वारा शक्तिशाली बम्नराख्यो । यस्तो ज्ञानयुक्त सामर्थ्यलाई मान्छेले परिवर्तन र विकासका लागि प्रयोग गऱ्यो । यही परिवर्तन र विकासको आवश्यकताका फलस्वरूप विभिन्न सभ्यताहरूले, संस्कृतिहरूले विभिन्न कालखण्डमा जन्म लिने, विकास हुने र विनाश हुने कारण बन्न पुगे । सिन्धुघाटी सभ्यताको पतन वा विनाशका सम्बन्धमा हालसम्म मुख्यतया दुईप्रकारका भनाइ वा विचार अस्तित्वमा रहेका छन् । पहिलो विचार वा भनाइका रूपमा यस क्षेत्रमा आर्यहरू पसेर यस सभ्यताको विनाश गरे तथा अर्कोथरिका विचारमा प्राकृतिक कारणले यस सभ्यताको विनाश वा पतन भएको हो । तर यी दुबै भनाई वा विचारहरूको पुष्टि आजसम्म हुन सकेको छैन । मानव विकासवादी अवधारणमा केन्द्रित रहँदा यो सभ्यताहरूको पतन वा विनाशमा मानवीय कारण नै प्रमुख रहेको देखिन्छ । यस पृथ्वीमा मानवको घुमन्ते जीवनशैली र प्रकृत्ति आजसम्म पनि जीवितै छ । अलिकति प्रतिकूलता र स्थितिको अनुकुलताको प्राप्ति र खोजीमा मानिस यात्रारत रहने प्रकृति मान्छेको सहजवृत्तिकै रूपमा मान्न सकिन्छ । मानिसको यही घुमन्ते प्रकृत्ति र प्रवृत्ति नै सभ्यता विकासको कारण पनि हो । एकै स्थानमा बसेर प्रकृतिको विशाल खजाना र स्रोतको प्राप्ति संभव नभएको र हुने अवस्था नभएका कारणले पनि उसमा यस्तो प्रकृत्ति र प्रकृत्ति विद्यमान रहेको हुन सक्दछ । प्रकृतिबाट उपलब्ध जीवनोपयोगी तत्त्वको खोजमा पनि मानव यात्रारत रहेको मान्न सकिन्छ । एक अवस्थासम्म सहज रहेको प्रकृति अर्कोकालखण्डमा असहज बनिदिनाले पनि मानवले यात्रा गरिरहनु परेको हुनसक्दछ । यस्तो यात्राको क्रमले पनि एउटा सभ्यताको अन्त्य हुने र अर्को सभ्यताको उदय हुने कारण हुनसक्दछ । यसैगरी प्रकृति सँधै एकनास रहन्छ, भन्ने हुदैन, नदीनाला आदिको स्वभावविका र अस्वभाविक अवस्थाको कारणले पनि मानव यताउता गरिरहनु पर्ने बाध्यताका कारणले एक स्थलको जीवनशैली लुप्त जस्तो देखिएको हुन सक्दछ । यस दृष्टिकोणबाट सिन्धुघाटीको सभ्यता पतन हुन सक्ने कारणको रूपमा मुख्य २ वटा प्रमुख कारण प्राकृति शक्ति वा संभावनाको खोज, प्राकृतिक परिवर्तनलाई लिनसकिन्छ ।

मानव सुविधा र अवसरको खोजीमा निरन्तर यात्रारत रहने गुण भएको प्राणी हो । आहारा, आवास र पानीको खोजीमा सबै प्राणी प्रयत्नशील रहने गर्दछन् तर मानव सुविधा र  अवसरको खोजीमा पनि रहन्छ । आवास, आहारा र पानी यी तीन कुरा सहज रूपमा प्राप्त गर्न सकिने अवसरको खोजीमा सदैव प्रयत्नशील रहनु मानवको प्रमुख विशेषता रही आएको छ । विकासको यही क्रमलाई तय गर्न उसले अनेकौ लामालामा यात्रा गर्नुपरेको हो । यस्तै यात्राको क्रमलाई निरन्तरता दिने क्रममा वा वासस्थान परिवर्तन गरेका कारण एक स्थानको अस्तित्व मेटिन पुगेको हुनसक्दछ वा सभ्यताको लोप हुन सक्दछ अनवरत यात्रा मानवको बाध्यता र आवश्यकता दुबै हो । प्रकृतिमा आएको प्रतिकुलता बाध्यता बन्नसक्दछ भने प्रकृतिमा विद्यमान प्रचुर संम्भावनाको खोजी र प्राप्ति आवश्यकता बन्नसक्ने

कारणले मानव यात्रारत रहनु परेको हो । यस क्रममा यथास्थितिमा परिर्वतन आई वा लोप भई नयाँ स्थल र स्थानको अस्तित्व प्रकट भएको हो ।

द्वितीय कारणप्रकृतिमा आएको ठूलो परिवर्तनका कारणले मानिसले आफ्नो वासस्थान(स्थल) परिवर्तन गरेका कारण विद्यमान सभ्यता वा संस्कृति लुप्त हुनसक्ने बलियो आधार रहेको छ । पुरातात्विक साक्ष्यको अभाव र प्राप्त साक्ष्यहरूबाट पनि संभावना मात्रा व्यक्त भएको आधारले सिन्धु सभ्यता लोप हुने कारणमा प्राकृतिक प्रतिकुलता, मानवीय प्रवृत्ति, परिवर्तन र अवसरको खोजी आदि प्रमुख देखिन्छन् । यसर्थ सिन्धु सभ्यता कुनै एक कारणले वा प्रहारले पतन भएको नभएर रूपान्तरणको प्रक्रियामा गई परिवर्तन भएको अनुमान गर्नसकिन्छ । वास्तवमा यति समृद्ध र व्यवस्थित सभ्यता एकाएक पतन वा लुप्त हुनसक्दैन । यो सभ्यता लुप्त हुने वा पतन हुने मुख्य कारणमा मानवीय कारण नै मुख्य रूपमा मान्नुपर्ने देखिन्छ । मानवकै परिवर्तनरूपी महत्वाकांक्षा र र चरित्रको कारणले स्थानविशेषको फेरबदल र यसको मौलिक संरचनामा परिवर्तन आएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यसप्रकार पूरै सभ्यताको पतन नभएर त्यसले संरचना र स्वभाव परिवर्तन गरी परिवर्तित संस्कृतिमा रूपान्तर भएको अनुमान गर्नसकिन्छ ।

### ६. निष्कर्ष

मानव विकासक्रमको श्रृङ्खला वा इतिहाससँग विभिन्न सभ्यता वा संस्कृति प्रत्यक्ष वा परोक्ष सम्बन्ध रहने गर्दछ । विकासवादी सिद्धान्तले मानवमा निहित आन्तरिक शक्ति(परिवर्तन र रूपान्तरणको शक्ति) का कारणले उसले आजको स्वरूप ग्रहण गरेको हो । मानव जहिले पनि प्राकृतिक शक्तिका सन्मुख जिज्ञासु भावमा रहेका कारण मान्छेमा निहित त्यस्तो जिज्ञासु भावले उसमा ज्ञानयुक्त सामर्थ्यको विकास गरेको हो । । यस्तो ज्ञानयुक्त सामर्थ्यलाई उसले परिवर्तन र आफ्नो विकासका लागि प्रयोग गर्‍यो । यही परिवर्तन र विकासको आवश्यकताका फलस्वरूप विभिन्न सभ्यता र संस्कृति विभिन्न कालखण्डमा विकसित हुने र विनाश भएका हुन् । मानवको विकासक्रममा पृथ्वीको भौगोलिक परिवर्तनले महत्त्वपूर्ण भूमिका खेलेको ऐतिहासिक विश्लेषणले पुष्टि गरेको छ । मानवजीवनका लागि औसत वा अनुकुल हावापानी मानव उद्‌विकासका लागि महत्त्वपूर्ण विषय हुने गर्दछ । स्थान विशेष वा भूगोल विशेषमा कुनै पनि सभ्यता विकसित हुनका लागि कुनै एक क्रान्तिकारी घटना पर्यात हुँदैन । सभ्यता निर्माण अनेक चरणहरू पार गर्दै अगाडि बढ्ने तथ्य सिद्ध रहेको छ । कुनै पनि सभ्यता निर्माणमा अनेक तत्त्वहरूको योगदान रहेको हुन्छ । सभ्यता उत्पत्ति र त्यसको विकासक्रममा भौगोलिक जलवायु, भौगोलिक अवस्था, राजनैतिक वा शासकीय व्यवस्था र आर्थिक अवस्था जस्ता निर्णायक तत्त्वहरू समावेश हुने गर्दछन् । सभ्यता उत्पत्ति र विकासको यस्तै यथार्थ र वास्तविकता बोकेर विश्व सभ्यताको लहरमा महत्त्वपूर्ण सभ्यताको रूपमा “सिन्धुघाटीको सभ्यता” भारतवर्षमा विकसित सर्वप्राचीन सभ्यताको रूपमा रहेको छ । सभ्यता विकाससँगै यसको उत्कर्ष र उत्कर्षसँगै यसको पतन भई नयाँ सङ्क्रमणपश्चात नयाँ सभ्यताको विकास हुने प्रक्रिया सिन्धुघाटी सभ्यताको उत्थान र पतनले प्रमाणित गरेको विषय हो । यस सभ्यताले ग्रामीण र कृषितन्त्रमा निर्भर रहेको जीवनशैलीलाई नागर सभ्यता तथा व्यवसायिक तुल्याएको प्रमाण दिएको छ । आर्थिक कोणबाट मानव विकासको इतिहासलाई गतिशील तुल्याउने यस सभ्यताले इतिहासमा करिब साढे पाँच सयवर्षको अवधि ओगटेका छ । एसियाली क्षेत्रको प्रथम नागर सभ्यताका रूपमा प्रमाणित यस सभ्यताको पतनका ईश्वरीय र विकासवादी दुई मत समानान्तर रहेका छन् । शक्ति र सत्ताका लागि सङ्घर्षरत रहने मानव स्वभाव तथा आफूलाई शक्तिशाली प्रमाणित गर्ने क्रममा सिन्धुबासी र आर्यबीचको युद्धका कारण यस सभ्यताको विकास भएको मतसँगै जलवायु परिवर्तनका कारण स्थानान्तरित भएका समुदायका कारण सभ्यताको अन्त्य हुने तर्क विकासवादी सिद्धान्तसँग सम्बन्धित रहेकाले अध्यात्मवादी तर्कका तुलनामा यो तर्क बढी शक्तिशाली देखिन पुग्दछ ।

### सन्दर्भ ग्रन्थसूची


ओमनाथ. (ई.स.१९७१). *प्राचीन भारतका इतिहास.* विकाश पब्लिसिङ हाउस ।

खत्री, प्रेमकुमार, (२०५५). *उत्पत्तिः मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवं मानव शास्त्रीय अध्ययन.* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

दवाडी, दुर्गाप्रसाद. (२०७६). *वैदिक संस्कृतिमा राष्ट्रवाद.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

दाहाल, पेशल. (२०३३). *प्राचीन मानव संस्कृति.*श्रीमती कमला दाहाल ।

दाहाल, पेशल. र सोमप्रसाद खतिवडा. (२०५८). *पुरातत्वको परिचय.* एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

प्रपन्नाचार्य, स्वामी. (२०७५). *वेदमा के छ.* (दशौ संस्क.) साझा प्रकाशन ।

बसन्त प्रभात कुमार, राम कुमकुम र अन्य. (ई.स. १९९५). *प्राचीन भारत.*प्रकाशन विभाग, सूचना और प्रसारण मन्त्रालय ।

भुसाल, वेदुराम. (२०७७).*वैदिक समाज र दर्शन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

मल्ल, श्रेष्ठ शिवराज. (२०७७). *मानव यात्रा.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

मिश्र, जयशंकर. (ई.स.२००१). *प्राचीन भारत सामाजिक इतिहास.* (सातौ संस्क.). विहार हिन्दी ग्रन्थ अकादमी ।

वर्मा, दीननाथ. (ई.स.१९८८). *प्राचीन भारतका इतिहास.* (तेस्रो संस्क.). स्टुडेण्ट्स फ्रेण्डस ।

वर्मा, दीननाथ. (ई.स. १९८९). *मानव सभ्यताका इतिहास.* (आठौ संस्क.) स्टुडेण्ट्स फ्रेण्डस पटना ।

शर्मा, एल.पी.. (ई.स.१९८१). *हिस्ट्री अफ एन्शिटान्ट इण्डिया.* कोनार्क पब्लिकेशन प्रा.लि. ।

शर्मा, जनकलाल. (२०७७). *हाम्रो समाज :एक अध्ययन.* (पाँचौ संस्क).साझा प्रकाशन ।

श्रीवास्तव. के.स, जुनैद मोहम्मद खाँ, (ई. स.१९९०). *विश्व सभ्यताका इतिहास.*उत्तर-प्रदेश हिन्दी संस्थान ।